**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ७** **संख्या – ३** **मितिः २०८० श्रावण २९**

## भाग - २

पोषण सुधार केन्द्र सञ्चालन कार्यविधि, २०८०

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

बेनीघाट रोराङ गाउँपालिका

**स्थानीय राजपत्र**

**खण्ड – ७** **संख्या – ३** **मितिः २०८० श्रावण २९**

# पोषण सुधार केन्द्र सञ्चालन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०४।२६

प्रमाणीकरण र प्रकाशन मितिः २०८०/०४/२९

**१.प्रस्तावना**

धादिङ जिल्लाको दक्षिण पश्चिममा २०६.५२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको बेनीघाट रोराङ गाउँपालिका विभिन्न जात जाती, भाषा भाषी तथा धर्म सस्कृतिको फुलवारीको रुपमा रहेको यस गाउँपालिकामा रहेका कतिपय समुदायमा स्वास्थ्य चेतना तथा वानी व्यवहार समेतको कारण पौष्टिक आहारको कमिले गर्दा वालवालिकामा हुन सक्ने कुपोषण समस्याको उपचारमा नजिक सुविधा सम्पन्न स्वास्थ्य सस्था तथा अस्पताल नरहेका कारण कुपोषणको समस्या अधिक रहेको हुदा यस्ता कुपोषित बालबालिकाहरुलाई उचित खानपानका साथै उचित स्याहार सुसारको ब्यबस्था सहितको आवासीय पोषण सुधार केन्द्रको आवश्यकता महशुस गरी पोषण सुधार सञ्चालन तथा व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बेनीघाट रोराङ गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम "पोषण सुधार केन्द्र सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गउँपालिका सम्झनुपर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

(घ) "कार्यविधि " भन्नाले पोषण सुधार केन्द्र सञ्चालन कार्यविधि, २०८० सम्झनुपर्दछ ।

(ङ) "अभिभावक" भन्नाले कुपोषित बालबालिकाको बाबु, आमा, दाजु, भाइ, दिदी बहिनी, बाजे बज्यै वा बालबालिकाको पालनपोषण व्यवस्था मिलाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

(च) "व्यवस्थापन समिति" भन्नाले पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "पोषण सुधार केन्द्र" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाकाको कुपोषित बालबालिकाहरुको उपचारको लागि स्थापना भएको पोषण सुधार केन्द्रलाई सम्झनुपर्छ ।

परिच्छेद २

## पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन

३. उद्देश्यहरु (१) पोषण सुधार केन्द्र स्थापनाका उद्देश्यहरु निम्न रहेका छन् ।

(क) बालबालिकाहरुको कुपोषणको उपचार तथा व्यवस्थापन गर्नु ।

(ख) बालबालिकाहरुको उचाई र उमेर अनुसारको तौल पुर्याउन आवश्यक उपचारात्मक कार्य गर्नु ।

(ग) बालबालिकाहरुका साथै हेरचाह गर्ने अभिभावकहरुलाई पोषण सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नु ।

(घ) समुदाय तथा स्वास्थ्य सस्थाहरुको पोषण सम्बन्धि व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु ।

(ङ) पोषण अवस्था सुधारको लागि वहुक्षेत्रिय पोषण योजनानुसार सवै क्षेत्रलाई जिम्मेवार वनाउनु ।

(च) पोषण अवस्थामा सुधार नआएमा तथा मेडिकल जटिलता आएमा समयमानै प्रेषण गरेर शिशु तथा वाल मृत्युदर घटाउनु ।

४. पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिः (१) पोषण सुधार केन्द्र सञ्चालन तथा ब्यवस्थापनमा आवश्यक सहयोगको लागि देहाय बमोजिम सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष संरक्षक रहने र उपाध्यक्ष सह-संरक्षक रहने छ।

(ख) पोषण सुधार केन्द्र रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष

(ग) सामाजिक विकास समितिका संयोजक- सदस्य

(घ) कार्यापालिकाको महिला सदस्य मध्ये गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना - सदस्य

(ङ) स्थानिय विद्यालयको महिला शिक्षक मध्ये गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना - सदस्य

(च) सामुदायिक महिला स्वास्थ्य स्वंयसेविका मध्ये गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना - सदस्य

(छ) उद्योग वाणिज्य संघको प्रतिनिधी गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना - सदस्य

(ज) लक्षित बर्ग सिमान्तकृत चेपाङ समुदायका गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना प्रतिनिधि- १ -सदस्य

(झ) पोषण क्षेत्रमा काम गर्ने सामाजिक संघसंस्थाको प्रतिनिधी गाउँपालिका अध्यक्षद्धारा मनोनित - १ - सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख १ जना — सदस्य

(ट) स्थानीय समाजसेवी वुद्धिजिवी मध्ये गाउँपालिका अध्यक्षद्धारा मनोनित १ जना - सदस्य

(ठ) पोषण सुधार केन्द्र प्रमुख -१ सदस्य सचिव

(२) पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा गाउँ

कार्यपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

५. पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको पदाधिकारीहरुको काम कर्तव्य र उत्तरदायित्व देहाय बमोजिम रहनेछ :

(क) संरक्षक तथा सह- संरक्षकको काम, कर्तव्य र उतरदायित्वः

(१) आफ्नो गाउँपालिका क्षेत्र भित्र कुपोषण मुक्त गाउँपालिका गराउन, प्राथमिक क्षेत्र तोकी योजना तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मुल्यांकन जस्ता कार्यहरुको लागि स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था, पोषण सुधार केन्द्र संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी संरक्षण र प्रोत्साहन गर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्रको पोषण अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक जानकारी लिने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

(ख) अध्यक्षको काम, कर्तव्य र उतरदायित्वः

(१) पोषण सुधार केन्द्रको कार्य चुस्त दुरुस्त बनाउन योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने।

(२) पोषण सुधार केन्द्रको कार्य प्रभावकारिता ल्याउन कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

(३) कार्य योजना बमोजिम पदाधिकारीहरुलेकार्य सम्पादनको अनुगमन तथा मुल्यांकन गर्ने ।

(४) पोषण सुधार केन्द्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सोको सुनिश्चितता गर्ने ।

(५) कर्मचारीहरुको कामको नियमित मुल्यांकन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

(६) कर्मचारीहरुलाई आवश्यकता अनुसार परिचालन गराउने ।

(७) समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

(८) समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

(ग) सदस्यहरुको काम, कर्तव्य र उतरदायित्वः

(१) पोषण सुधार केन्द्रको बार्षिक कार्ययोजना बनाई गाउँपालिकामा पेश गर्ने ।

(२) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, पोषण सुधार केन्द्रमा परेका समस्याहरुको समाधानका आवश्यक कार्यहरु गर्ने।

(३) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा व्यवस्थापन गर्ने ।

(४) तोकिएका अन्य कामहरु गर्ने ।

परिच्छेद ३

## कर्मचारी व्यवस्थापन

### ६. कर्मचारी दरवन्दी

(१) पोषण सुधार केन्द्रमा देहायका कर्मचारीहरु रहनेछन् ।

क) बाल रोग विशेषज्ञ/मेडिकल अधिकृत – १ (आवश्यकता अनुसार)

ख) पोषण सुधार केन्द्र प्रमुख (पारामेडिक्स, चौथो/पाँचौ तह)– १ जना

ग) स्टाफनर्स वा अ.न.मी. (चौथो/पाँचौ तह) – २ जना (अ.न.मी.वा स्टाफ नर्स महिला) तालिम प्राप्त

घ) भान्छे (श्रेणी विहिन) – १ जना

ङ) क्लीनर (श्रेणी विहिन) – २ जना

(नोटः माथि उल्लेखित कर्मचारीहरु वजेट ब्यवस्था भए मात्र करार सम्झौता लागु हुनेछ, वजेट ब्यवस्था नभएमा स्वतः नै करारको म्याद समाप्त हुनेछ र कर्मचारी आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

### ७. कर्मचारी भर्ना प्रकृया तथा सेवा, सुविधा

(क) पोषण सुधार केन्द्रमा कर्मचारी नियुक्ति गर्दा गाउँ कार्यपालिकाको निर्णयानुसार करारमा नियुक्त गरिनेछ ।

(ख) नियुक्त कर्मचारीको कार्यसम्पादनको अधारमा प्रत्येक ६/६ महिनामा म्याद थप गरिनेछ ।

(ग) पोषण सुधार केन्द्र प्रशासनले तालिम प्राप्त दक्ष अनुभवी जनशक्तिलाई उनिहरुको कार्य सम्पादन मूल्यांकनको आधारमा निरन्तरताको लागि सिफारिस गर्न सक्नेछ ।

(घ) कुपोषित बालबालिकाहरुको लागि खाद्य आहार व्यवस्थापन गर्ने कार्यको लागि दक्ष अनुभवी व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(ङ) विदाको हकमा औचित्य र आवश्यकता हेरी काममा वाधा नपर्ने गरी पोषण सुधार केन्द्र प्रमुखको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराई वर्ष भरीमा अधिकत्तम ३० दिन सम्म विदा दिन सकिनेछ ।

(च) सार्वजनीक विदाको समयमा पोषण सुधार केन्द्रको कार्य एवं नियमीत सेवामा वाधा नपर्ने गरी प्रमुखले आलो पालो मिलाई प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराएर मात्र पोषण सुधार केन्द्रका कर्मचारीहरु विदामा वस्नु पर्नेछ ।

(छ) सेवा करार सम्बन्धि शर्त भन्दा वाहेकका सेवा सुविधाका लागि कुनै दावी विरोध गर्न पाइने छैन । कुनै दावी विरोध भएमा गाउँपालिकाले जुन सुकै समयमा पोषण सुधार केन्द्रका सम्बन्धित कर्मचारीको करार भंग गर्न सक्नेछ।

(ज) सेवा करारका कर्मचारीको मासिक पारिश्रमिक सुविधा स्थनीय तहका समान तहका कर्मचारीको सुरु तलव स्केल वरावर हुनेछ ।

(झ) पोषण सुधार केन्द्रमा कार्यरत करार अवधि ६ महिना पूरा भएका कर्मचारीहरुले एक वर्षमा १ महिनाको पारिश्रमिक बरावर चाडपर्व भत्ता पाउने छन् ।

(ञ) कर्मचारीहरुले नियम अनुसार वार्षिक रुपमा वर्षको एक पटक पोषाक भत्ता पाउने छन ।

(ट) पोषण सुधार केन्द्रमा कार्यरत कर्मचारिहरुलाई यस कार्यविधिमा उल्लेख भएको भन्दा थप सेवा सुविधा उपलव्ध गराईने छैन ।

## ८. कर्मचारीहरुको काम, कर्तव्य र जिम्मेवारी

(१) पोषण सुधार केन्द्रमा रहने कर्मचारीहरुको काम कर्तब्य र जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

### क) बाल रोग विशेषज्ञ मेडिकल अधिकृत

(१) पोषण सुधार केन्द्र भित्रका सम्पूर्ण बालबालिको नियमित रुपमा र आवश्यकता अनुरुप स्वास्थ्य परिक्षण गर्नु पर्ने छ ।पोषण सुधार केन्द्र का कर्मचारीहरुलाई आवश्यकता अनुसार निर्देशन दिने काममा लगाउने बालबालिकाहरुको भर्ना गरी तोकिएको माप दण्ड अनुरुप चिकित्सकिय लेखाजोखा गर्ने र उपचार एवं व्यवस्थापन आदेश दिने ।

### ख) पोषण सुधार केन्द्र प्रमुख (चौथो /पाँचौ)

(१) पोषण सुधार केन्द्रको सम्पूर्ण कार्यको जिम्मेवारी लिई व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य गाउँपालिकाको आदेश निर्देशन अनुसार गर्नु पर्नेछ ।

(२) पोषण सुधार केन्द्र, गाउँकार्यपालिकाको कार्यालय र दातृ संस्था एवं अन्य संघ–संस्था संग आवश्यक समन्वय गरि पोषण सुधार केन्द्र को उद्देश्य प्राप्तीका लागि कार्य गर्नु पर्नेछ ।

(३) कार्यक्रम व्यवस्थापन कार्यविधि बमोजिम सुचारु रुपले पोषण सुधार केन्द्र संचालन गर्नु पर्नेछ ।

(४) पोषण सुधार केन्द्र मा आइपर्ने दैनिक कार्य गर्नु पर्नेछ ।

(५) पोषण सुधार केन्द्र को आवस्यकता बमोजिमका सामानहरु उपलब्ध गराउने तथा रेकर्ड राख्नुपर्ने छ।

(६) पोषण सुधार केन्द्र मा संचालित कार्यक्रमको आर्थिक तथा भौतिक प्रगतीको विवरण तयार गरी आवधिक (मासिक, चौमासिक, वार्षिक) रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(७) स्टोरको व्यवस्थापन गर्नु पर्नेछ ।

(८) पोषण सुधार केन्द्र मा आवश्यक पर्ने खाद्य सामाग्री एवं अन्य बस्तुहरु खरीद गर्दा नेपाल सरकारको प्रचलित आर्थिक नियमको परिधिमा रहि पोषण सुधार केन्द्र संचालन तथा व्यवस्थापन समितिको वैठकमा निर्णय गरी गाउँकार्यपालिकाको कार्यालय को आदेश निर्देशन अनुसार गर्नु पर्नेछ ।

### ग) स्टाप नर्स /अ.न.मी (महिला) (चौथो /पाँचौ)

(१) पोषण सुधार केन्द्र का कुपोषित बालबालिकाहरुलाई चौविसै घण्टाको सेवा प्रदान गर्नु पर्ने ।

(२) खाद्य परिकार तयार पार्दा निगरानी गर्नुका साथै बालबालिकाहरुलाई खुवाउँदा प्रत्यक्ष निगरानी गर्नुपर्ने ।

(३) तौल मापन तथा वृद्धि तालिका भर्ने र रेकर्ड राख्नु पर्नेछ।

(४) विरामीको अवस्था अनुसार उपचार गर्नु पर्नेछ ।

(५) वाल रोग विशेषज्ञ मे.अ.को सल्लाह अनसार औषधी वितरण एवं अभिलेख राख्नु पर्नेछ ।

(६) वार्डको सरसफाई तथा बालबालिकाको व्यक्तिगत सरसफाई गर्नु पर्नेछ ।

(७) पोषण सुधार केन्द्रमा आएका बालबालिकाहरुलाई अवस्था हेरी पोषण लेखाजोखा गरी फर्म भरी भर्ना लिनु पर्नेछ ।

(८) पोषण सुधार केन्द्र मा भर्ना भएका बालबालिकाहरुको आवश्यक तौल पूरा भए पछि चिकित्सकको सल्लाह अनुसार डिस्चार्ज गर्नु पर्नेछ।

(९) बालबालिकाहरुका संरक्षकहरुलाई पोषण सम्बन्धी खानपानको उचित परामर्श दिनु पर्नेछ ।

(१०) सचित्र पुस्तीका अनुरुप संरक्षकहरुलाई सरसफाई, बाल पोषण, प्रजनन् स्वास्थ्य आदिका वारेमा उपयुक्त ज्ञान तथा सिपको विकास गराउनु पर्नेछ ।

(११) नेपाल सरकारले तयार पारेको खाद्य आहार सम्बन्धी निर्दीशका अनुरुप बालबालिकाको आहार निर्धारण गर्ने, उपलब्ध गराउने तथा उपभोग गरे नगरेको निगरानी गरी अभिलेख गर्नु पर्नेछ ।

(१२) आवस्यकता अनुसार को दैनिक कार्य गर्नु पर्नेछ ।

**घ) भान्छे (श्रेणी विहिन)**

(१) आहार विज्ञले तयार पारेको मेनु अनुरुप भोजन तयार गर्नु पर्नेछ ।

(२) तोकिए वमोजिम बालबालिकाहरुलाई खाना उपलब्ध गराउने एवं खाए नखाएको निगरानी गर्ने

(३) आहार विज्ञले प्रदान गरेको तालिम अनुरुप खाद्य पदार्थमा रहेको पोषक तत्व नष्ट नहुने गरी खानेकुरा तयार पार्नु पर्ने र सोहि अनुरुप बालबालिकाहरुका संरक्षकहरुलाई सिकाउनु पर्ने छ

(४) भान्छा, खाने कोठा र खाना पकाउने तथा खाने भाँडाहरुको सरसफाईमा विशेष ध्यान दिनु पर्ने छ ।

(५) पोषण सुधार केन्द्रका प्रमुखको आदेश निर्देशन वमोजिम पोषण सुधार केन्द्रको दैनिक कार्य गर्नु पर्नेछ ।

**ङ) क्लीनर (श्रेणी विहिन)**

(१) पोषण सुधार केन्द्र स्वच्छ बनाई राख्नु पर्नेछ ।

(२) बालबालिका एवं संरक्षकहरुको व्यक्तिगत सरसफाईमा ध्यान दिने तथा सिकाउनु पर्नेछ ।

(३) पोषण सुधार केन्द्रका प्रमुखको आदेश निर्देशन वमोजिम पोषण पोषण सुधार केन्द्रको दैनिक कार्य गर्नु पर्नेछ ।

परिच्छेद ३

## विविध

### ९. आर्थिक दायित्व

(१) पोषण सुधार केन्द्रको आर्थिक दायित्व गाँउपालिकाको मातहतमा रहनेछ। आवस्यक्ता रहुन्जेल गाँउपालिकाले वजेट विनियोजन गरी संचालन गर्नेछ । कुनै इच्छुक दातृ निकायले सहयोग गर्न चाहेमा कानुन अनुसार गाँउपालिकाले ग्रहण गर्नेछ ।

(२) पोषण सुधार केन्द्रको बजेट तथा कार्यक्रम खर्च

पोषण सुधार केन्द्रको वजेट तथा कार्यक्रम तयार गरी खर्च गर्दा निम्नानुसारको खर्च शिर्षकमा औचित्य अनुसार बाँडफाँड गरी प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराई खर्च गर्नु पर्नेछ ।

| सि.नं. | खर्च शिर्षक | सि.नं. | खर्च शिर्षक |
|---|---|---|---|
| १ | कर्मचारी व्यबस्थापन | २ | मर्मत तथा सम्भार |
| ३ | खाद्यन्न तथा आहार | ४ | इन्धन |
| ५ | औषधि उपचार | ६ | परामर्श तथा सेवा |

| | | | |
|---|---|---|---|
| | | | शुल्क |
| ७ | धारा तथा विजुली महशुल | ८ | पुस्तक तथा सामाग्री |
| ९ | संचार | १० | कार्यक्रम खर्च |
| ११ | कार्यालय सम्बन्धि खर्च | १२ | पोशाक |
| १३ | यातायात खर्च | १४ | सिपमुलक कार्यक्रम खर्च |

**१०. पोषण सुधार केन्द्र संचालन प्रकृया**

(१) पोषण सुधार केन्द्र गाँउपालिका अन्तर्गतको एउटा अविछिन्न्न इकाईको रुपमा रहने छ ।

(२) कार्यरत कर्मचारीहरुका हकमा न्यूनत्तम स्तर कायम रहनु पर्नेछ । जसमा पोषण सुधार केन्द्र प्रमुखलाइ संचालन तथा व्यवस्थापनको जिम्मा हुनेछ ।

(३) पोषण सुधार केन्द्र संचालनको लागि आवश्यक पर्ने बजेटको प्रस्ताव गरी प्रत्येक आर्थिक वर्षको

(४) जेष्ठ महिना भित्र माग गरी गाउँपालिकामा पठाउनु पर्नेछ ।

(५) पोषण सुधार केन्द्रले मासिक रुपमा खर्चको फाँटवारी गाउँपालिकामा पठाउनु पर्ने छ ।

(६) पोषण सुधार केन्द्रले संचालनार्थ गाउँपालिकाबाट प्राप्त वजेट माथि उल्लेखित कार्यक्रम शिर्षकको परिधिमा रही निर्दिष्ट कार्य गर्नु गराउनु पर्नेछ ।

**११. समन्वय**

(१) पोषण सुधार केन्द्र सुचारु रुपले संचालन गर्न समन्वयको लागि गाउँपालिका पोषण सुधार केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्य शाखा, गाउँपालिकाको कार्यालय, स्वास्थ्य कार्यालय तथा दातृ सहयोगी संस्थाहरु रहेको एक समन्वय समिति बनाई समन्वय प्रणाली कायम गर्न सकिनेछ ।

**१२.प्रगति प्रतिवेदन**

पोषण सुधार केन्द्र ले आवधिक (मासिक, चौमासिक, वार्षिक) रुपमा प्रगति प्रतिवेदन तयार पारी गा पा मा पठाउनु पर्नेछ । साथै सम्बन्धित निकायले माग गरे वमोजिम जुन सुकै अवधिको प्रगति विवरण पेश गर्नु पर्नेछ ।

**१३. अनुगमन तथा सुपरिवेक्षण**

पोषण सुधार कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गा पा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखा, प्रदेष स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, दातृ निकाय सहयोगी संस्था तथा निर्दिष्ट व्यक्ति संस्थाहरुले जुनसुकै समयमा गर्न सक्नेछन् । पोषण सुधार केन्द्र प्रमुखकले उल्लेखित निकाय तथा निर्दिष्ट व्यक्ति संस्थाले माग गरे वमोजिमको उपलव्ध तथ्यांङ्क तथा विवरणहरु उपलव्ध गर्नु गराउनु पर्नेछ ।

## १४. लेखा तथा लेखा परिक्षण

पोषण सुधार केन्द्र कार्यक्रमको लागि दातृ निकाय तथा गा पा बाट प्राप्त हुने बजेटहरु माथि उल्लेखित खर्च शिर्षकको परिधिमा रही भए गरेको खर्च विवरणको लेखा राख्ने कार्य नेपाल सरकारको आर्थिक नियमानुसार गर्नु पर्नेछ । साथै सोको लेखापरिक्षण पनि नेपाल सरकारको आर्थिक नियमानुसार नै हुनु पर्नेछ र सो को दायित्व पोषण सुधार केन्द्र प्रशासनको हुनेछ । खर्चको फाँटवारी नियमअनुसार मसिक रुपमा गा पा मा पठाउनु पर्नेछ ।

(नोटः यस निर्देशिकाले नसमेटेको कुनै विषयहरु रहेमा नेपाल सरकारको प्रचलित खरिद ऐन २०६३ नियमावली २०६४ तथा नियमानुसार अनुसार गर्नुपर्ने छ ।

## १५.सशोधन, बचाउ र खारेजी

(ख) माथि उल्लेखित कार्यविधि आवश्यकता अनुसार सम्सोधन र खारेजी हुन सक्नेछ । यो कार्यविधिको कार्यान्वयन गर्नु सरोकारवाला सबैको कर्तव्य र जिम्मेवारी मानिनेछ । कार्यबिधिको कार्यान्वयन गर्दा देखिएका समस्या समाधान र आवश्यक निर्देशन गाउँपालिकामार्फत हुनेछ ।

# अनुसुचीहरु

अनुसुची १

## मुल्यांकन फाराम

| बच्चाको नाम: | अभिभावकको नाम: | NIC No: |
|---|---|---|
| | | |

| अभिभावकले ठीक भने √, बेठीक भनेमा × र थाहा नभए वा भन्न नसके **?** चिन्ह लगाउने । | प | अ |
|---|---|---|
| १. हरियो सागपात र तरकारी काटेर पखाल्ने कि पखालेर काट्ने ? | | |
| २. मधुरो आगोमा छोपेर पकाएको तरकारी राम्रो की चर्को आगोमा ? | | |
| ३. जाउलो कसरी बनाउनु हुन्छ ? (सामाग्रीहरु ठीक छ वा छैन सोध्ने) | | |
| ४. गेडागुडी भिजाएर मात्र खादा पोशिलो कि टुसा उमारेर खादा पोषिलो हुन्छ ? | | |
| ५. अन्न, सागपात र गेडागुडी मिसाएर पकाएको जाउलो पोषिलो हुन्छ । | | |
| ६. शरीरलाई शक्ति दिने खानेकुराहरु कुन कुन हुन् ? | | |
| ७. शरीरको बृद्धि र विकास गर्ने खानेकुराहरु कुन कुन हुन् ? | | |
| ८. शरीरको सुरक्षा गर्ने खानेकुराहरु के के हुन् ? (सागसब्जी, तरकारी, फलफूल) | | |
| ९. खाना खाने बच्चाहरुलाई अचार बनाएर खुवाउनु ठीक हो । | | |
| १०. तेलले पनि घिउको जतिकै काम गर्दछ । | | |
| ११. कुपोषित गर्भवतीले कम तौलको बच्चा जन्माउने सम्भावना बढी हुन्छ । | | |
| १२. सुत्केरीले हरिया सागपात र फलफूल खाएमा चिसो लाग्छ । | | |
| १३. बच्चा जन्मिए लगत्तै आउने पहेंलो दुध फालेर मात्र बच्चालाई दुध चुसाउनु पर्दछ । | | |
| १४. ६ महिना सम्म बच्चालाई आमाको दुध मात्र खुवाउन पर्छ । | | |
| १५. बच्चा कती महिनाको भएपछि थप खाना दिनु पर्दछ ? | | |
| १६. बच्चालाई कहिले सम्म आमाको दुध खुवाउनु राम्रो हो ? | | |
| १७. रुघा खोकी ज्वरो आउदा मुख वार्ने कि साविकै खानेकुरा खाने ? के के खान हुदैंन ? | | |
| १८. घरमा जिवनजलको प्याकेट नभएमा नुन चिनी पानीको झोल वनाएर खान सकिन्छ । | | |

| | | |
|---|---|---|
| १९. स साना नानीहरुलाई दिनमा कति पटक खुवाउनु पर्छ ? | | |
| २०. पखाला लागेको बच्चालाई दही, मोही तथा झोल पदार्थ खुवाउनु हुदैन । | | |
| २१. बच्चा जन्मेको २ वर्ष भित्र दिमागको विकास ज्यादा हुन्छ कि २ वर्ष पछि ? | | |
| २२. लिटोको पिठो बनाउदा के के कति कति मात्रामा मिसाउनु पर्दछ ?(भन्न लगाउने) | | |
| २३. बच्चाबेलाको पोषणले पछि सम्म असर पार्छ । तपाई सहमत हुनुहुन्छ ? | | |
| २४. सरसफाईमा ध्यान दियो भने बच्चा निरोगी रहन मद्दत मिल्छ । | | |
| २५. छोरा तथा छोरी दुवैलाई उत्तिकै पोसिलो खाने कुरा आवश्यक पर्ला ? | | |

**हिलो मूल्याङ्कन कर्ताको नाम ............................**
**दस्तखत ......................**

**अंतिम मूल्याङ्कन कर्ताको नाम ............................**
**दस्तखत ..........................**

अनुसुची २

**बेनिघाट रोराङ गाउँपालिका**

**पोषण सुधार केन्द्र**

बेनिघाट रोराङ - ७, चरौदी

बागमती प्रदेश,नेपाल

**Admission Form**

**NIC - No: -** Adm. Date (Nepali):- Adm. Date (English):-

**PERSONAL HISTORY**

Name of Child: -… … … … … … … …… … …… … … Sex: - M F Age: - …………

Date of Birth: - … … … …………………… …. Place of Birth: Ho H al Birth weight: ………………..

Mother's Name: - … … … … … … … … … Age: - …………….. Occupation: - ……………….. Qualification …………………

Father's Name: - … … … … … … … … …. Age: - …………….. Occupation: - ………………… Qualification …………………

Number of Family Member: - … … … …. …. # Children<5: - … … … …… >5-14……… …

Caretaker's Name: - … … … … … … …… Age:- … … … Adm. wt:- … … … Relation:- … … … … … … … … … …

**Address (P.)**:- District:- … … … … … … … VDC/MUC:- … … … … … … … Village: - … … … … … … … Ward: - … …

**Address (C):-** District:- .. ….. …. …. … .. VDC/MUC. . . …. …. … …. …. …. Ward ……. Contact no.… … … … …

**MEDICAL HISTORY**

Referred from: - **Hospital, NGO, Visitor, Staff, Other: -** . …. …. … …. …. …. . …. …. … …. …. …. . …. …. … …. …. ….

Reason for Hospital Admission: - **Diarrhoea/vomiting, Fever, ARI, Less appetite, Other:** …. …. … …. …. ….

Hospital stay days: **<1week, 1-2 weeks, 2-4 weeks, >1 month**

अनुसुची ३

**बेनिघाट रोराङ गाउँपालिका**

**पोषण सुधार केन्द्र**

**बेनिघाट रोराङ - ०७ चरौदी**

**बागमती प्रदेश,नेपाल**

<u>मन्जुरीनामा पत्र</u>

म ......................... मेरो बच्चा.........................लाई यस संस्थामा राखी वा यस संंस्थाको स्वीकृतिले अन्य स्थानमा उपचार गर्ने/गराउने कुरामा सहमत छु । यस संस्था तथा यस पुनस्र्थापना गृहमा उपचारको क्रममा कुनै भवितब्य परिआएमा त्यसको जिम्मेवार म स्वयं नै हुनेछु । साथै उपचार गर्नु अघि, पछि तथा अन्य समयमा पनि तस्वीर खिचाउन, तस्वीर प्रदर्शन/प्रयोग गरेमा मलाई कुनै आपत्ति छैन । यस गृहमा रहुन्जेलसम्म यहाँको नियम अनुसार चल्न म सहमत छु ।

मन्जुरीनामा दिनेको नामः नाताः

सहि/छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

मितिः

अनुसुची ४

# बेनिघाट रोराङ गाउँपालिका

## पोषण सुधार केन्द्र

## बेनीघाट रोरांङ - ०७ चरौदी, धादिङ

**Treatment Cardex**

Name of Child: ……………………………………Sex: M / F      Age:……….. Wt.:………… Ht.…………

Malnutrition status:

Admission date: ……………………………. Stay Day: ………………………..

**Signs of Malnutrition:** **Severe Wasting** **Oedema** **Dermatosis** **Diarrhea /Vomiting**

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| D | O | T | | 1 | 1 | | 4 | 4 | ( | 7 | 8 | 9 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

अनुसुची ५

**बेनिघाट रोराङ गाउँपालिका**
**पोषण सुधार केन्द्र**
**चरौदी धादिंङ**
**Vital Recording Form**

: Sex: Age: Wt.: SD Score:

| | 6:00 AM | | | 2pm | | | 10 pm | |
|---|---|---|---|---|---|---|---|---|
| | Temp. | Pulse | Resp. | Temp. | Pulse | Resp. | Temp. | Pulse |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची ६

बेनिघाट रोरांङ गाउपालिका
पोषण सुधार केन्द्र चरौदी धादिङ
**Growth Chart**

**Name:** **Age** **Sex:** **Admission date:**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Days in NRC | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| Date | | | | | | | | | | |
| Daily Wt. | | | | | | | | | | |
| Oedema: | | | | | | | | | | |
| 0 + ++ +++ | | | | | | | | | | |
| Diarrhea/Vom: | | | | | | | | | | |
| 0 D V | | | | | | | | | | |
| Eye signs | | | | | | | | | | |
| None Rt. Lt. | | | | | | | | | | |
| Measels: | | | | | | | | | | |
| Yes No | | | | | | | | | | |
| Type feed | | | | | | | | | | |
| No.of feeds | | | | | | | | | | |
| T. volume taken | | | | | | | | | | |
| Folic Acid: | | | | | | | | | | |
| Vitamin A | | | | | | | | | | |
| Deworming | | | | | | | | | | |
| Iron | | | | | | | | | | |
| Dermatosis: | | | | | | | | | | |
| 0 + ++ +++ | | | | | | | | | | |
| Bathing 1% | | | | | | | | | | |
| Permanganate | | | | | | | | | | |
| Others | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसुची ७

**बेनिघाट रोराङ गाउँपालिका**

**पोषण सुधार केन्द्र**

बेनिघाट रोराङ - ०७ चरौदी

बागमती प्रदेश,नेपाल

**DISCHARGE SHEET**

Adm Date: Dis. Date:

NIC No: …………….. Child's Name: ……………………………

Date of Birth: Age: …………….. Sex: M/F Address:

| | W | H | SD score Wt./Ht. | Ref Wt./Ht. From ---- To | | W i | Ref Wt./Age From ---- To | | Discharge Type |
|---|---|---|---|---|---|---|---|---|---|
| Admission | | | | | | | | | |
| Discharge | | | | | | | | | |

**Diagnosis:**

| Course at NRC | Vitamin A | Deworming | Multi Vit. with Zinc | Pot klor | Antibiotic | ATT |
|---|---|---|---|---|---|---|
| Yes/No | | | | | | |

**Treatment on admission:**

**Advice:**

अनुसुची ८

**बेनिघाट रोराङ गाउँपालिका**

**पोषण सुधार केन्द्र**

बेनिघाट रोराङ - ०७ चरौदी

बागमती प्रदेश,नेपाल

**Children Referral Form**

Name of Child: …………………………………………….. Date: …………………

Sex: M / F Age: Wt.: Ht.: Malnutrition status:

Medical problems and clinical notes on referral:

Referred by:

अनुसुची ९

**बेनिघाट रोराङ गाउँपालिका**

**पोषण सुधार केन्द्र**

बेनिघाट रोराङ - ०७ चरौदी

बागमती प्रदेश,नेपाल

**प्रतिवेदन फाराम नमूना**

| उमेर समुह (महिना) | गत महिनाको अन्त्य सम्मका बच्चा | | भर्ना गरिएका | | | | रेफर भइ आएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नयाँ भर्ना | | पुन भर्ना | | | |
| | मध्यम | क | म | क | म | क | म | क |
| ६ महिना सम्म ६-५९ महिना | | | | | | | | |
| | | | | | | | | |
| ६-५९ महिना | | | | | | | | |
| | | | | | | | | |

| डिस्चार्ज भएको | | | | | | | | स्थानान्तर भइ अन्त गएका | | महिनाको अन्त्यमा जम्मा बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निको भएको | | मृत्यु भएको | | डिफल्टर भएको | | निको नभएको | | | | | |
| म | क | म | क | म | क | म | क | म | क | म | क |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले

भीष्म कुमार मल्ल

प्रमुख प्रशासकीय अधिकृत